# हार्दिक श्रद्धाञ्जली



नेपाल नेत्रज्योति संघ, दाङको संस्थापक सचिव, प्रथम निर्वाचि सभापति, नेपाल नेत्रज्योति संघ, दाङको निवर्तमान सभापति, नेपाल नेत्रज्योति संघ, केन्द्रीय कार्यसमितिका निवर्तमान सदस्य, राप्ती आंखा अस्पताल व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष, नेपाल नेत्रज्योति संघ, दाङ शाखा कार्यसमितिका सदस्य, शिक्षविद्ध तथा समाज सेवी डा. घनश्याम डांगीले विगत तीन दशक भन्दा बढी समय देखि राप्ती अञ्चलमा अन्धोपन निवारण गर्ने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा विशेष योगदान पुऱ्याउदै आउनु भएको थियो ।

वि.स २०३७/३८ मा भएको पहिलो दृष्टिविहिन सर्वेक्षण पश्चात राप्ती अञ्चलको पांच वटै जिल्लाहरू र छिमेकी जिल्लाहरूमा आंखा उपचारको सेवा पुऱ्याउने उद्देश्यले राप्ती आंखा अस्पतालको स्थापना गरी राप्ती अंचलमा दृष्टिविहिनताको समस्या ०.८७ प्रतिशत बाट ०.१३ प्रतिशतमा पुऱ्याउनमा उहांको विशेष नेतृत्व तथा योगदानलाई नेपाल नेत्रज्योति संघ, राप्ती आंखा अस्पतालले कहिले पनी विर्सन सक्दैन ।

आंखा स्वास्थ्य कार्यक्रम-राप्ती तथा बहादुरगंज अन्तर्गत राप्ती आंखा अस्पताल, छन्द(कालेबाबु)नारायणी आंखा अस्पताल, लमही आंखा अस्पताल र चार वटा आंखा उपचार केन्द्रहरूबाट २० लाख भन्दा बढी आंखाका विरामीहरूले आंखा उपचारको सेवा र १ लाख ५० हजार भन्दा बढीले नयां दृष्टि प्राप्त गर्नमा उहांको विशेष योगदान रहेको छ । उहांको कुसल नेतृत्वमा भौतिक पुर्वाधारहरूको विकासका साथै अस्पतालमा नयां प्रविधिहरूबाट सेवा शुरूवात भएको कुरालाई हामी कहिलै विर्सन सक्ने छैनौ ।

दातृ निकाय संगको सुमुधुर सम्बन्ध, फराकिलो विचारले गर्दा आज नर्वेजियन दातृ निकाय तीन दशक भन्दा बढी समय देखि राप्तीमा दृष्टिविहिन निवारण कार्यमा सहयोग पुऱ्याउदै आई रहेको पनी उहांकोनै देन हो ।

अस्पतालको आत्मनिर्भताको लागि उहांको नेतृत्वमा गरिएका प्रयासहरू जस्तै छन्द(कालेबाबु)नारायणी आंखा अस्पतालको स्थापना, लमही आंखा अस्पतालको स्थापना, राप्ती आंखा अस्पताललाई तालिम केन्द्रकोरूपमा विकास गर्ने प्रयास(नेत्र सहायक तालिम), पहाडी भेगमा आंखा उपचार केन्द्र खोली प्राथमीक आंखा उपचारको सेवा, दक्ष नेत्र विशेषज्ञहरू उत्पादन तथा सयौ जनशक्तिहरूलाई आंखा स्वास्थ्य तालिमको अवसर आदि कार्यहरू राप्ती आंखा अस्पतालको ईतिहासमा सदैव स्मरणीय रहने छन ।

मिति २०७४।०७।१५ गतेको दिन ६७ वर्षको उमेरमा असामहिक, अकल्पनिय दुखत निधनले हामीहरू अत्यन्त मर्माहत एवं स्तव्ध भएकाछौं । दु:खको यस घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दे शोकसन्तप्त परिवाजनप्रति परमेश्वरे धेर्यधारण गर्ने शक्ति प्रदान गरून भनी हार्दिक सम्वेदना तथा श्रद्धाञ्जली प्रकट गर्दछौं ।

**नेपाल नेत्रज्योति संघ आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज**